स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अचेल कलाकारहरुले गाडी खरिद गर्नु सामान्य बनिसकेको छ। तर, आम मानिसका लागि भने यो चासोको विषय बन्ने गरेको छ। यसैले त यतिबेला अभिनेता विराज भट्टले खरिद गरेको गाडीको सामाजिक सञ्जालमा व्यापक चर्चा भइरहेको छ। चर्चा हुनुको मुख्य कारण चाहिँ गाडीको मूल्य हो। विराजले खरिद गरेको गाडीको मूल्यले ठूलो "क्यानभास"मा एउटा फिल्म नै निर्माण हुन्छ। विराजले चाबहिलस्थित टोयोटाको सोरुमबाट विलासी गाडी मानिने ल्याण्ड क्रूजर २५० खरिद गरेका हुन्।

आजको विचार...



आशिष रेग्मी

व्यवस्था...
*(दुई पेजमा)*



दीवाकर भ राईको निर्देशनमा बनेको फिल्म "मायावी"को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ । शुक्रबार सार्वजनिक दुई पोस्टरले फिल्मका मुख्य दुई पात्र पल शाह र दीपिका प्रसाईंको मनोदशा दर्शाउँछ । एउटा पोस्टरमा पल पीडामा देखिन्छन् । तर, अर्कोमा उनी दीपिकासँग प्रेमिल भावमा छन् । यसबाट के प्रष्ट हुन्छ भने फिल्मले प्रेम र वियोगलाई मुख्य कथावस्तु बनाएको छ । "मायावी" पलका लागि चल्नैपर्ने दबाब छ । किनकि, जेल जीवनपछि उनले "सोलो हिट" पाएका छैनन् ।

❒ वर्ष ३० ❒ अंक १७० ❒ २०८१ पौष २८ गते आइतबार 12 January 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विमान दुर्घटनामा १० जनाको मृत्यु



रासस/सिन्हुवा

**बोगोटा,** पौष २७/उत्तरपश्चिमी कोलम्बियामा एउटा सानो विमान दुर्घटना हुँदा कम्तीमा १० जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार पुष्टि गरेका छन् ।

प्यासिफिका ट्राभलद्वारा सञ्चालित उक्त विमान बुधवार जुराडोबाट मेडेलिन जाँदै गर्दा बेपत्ता भएको र एन्टिओक्वियाको उत्तरपश्चिम कोलम्बियाली विभागको उराओको ग्रामीण क्षेत्रमा दुर्घटनाग्रस्त भएको बताइएको छ । सो जहाजमा चालक दलका दुई सदस्य र आठ यात्रु सवार थिए । एन्टिओक्वियाको जोखिम व्यवस्थापन विभागका निर्देशक कार्लोस रियोस पुएर्टाले भने,'दुर्भाग्यवश, त्यहाँ कोही पनि बाँचेका छैनन् । हामीसँग साइटमा ३७ जना कर्मचारीहरू काम गरिरहेका छन् । प्रतिकूल मौसमी अवस्थाले रिकभरी प्रक्रियालाई जटिल बनाएको छ ।' 'हामीले यो प्रक्रियालाई सकेसम्म छिटो र प्रभावकारी बनाउन प्रयास गरिरहेका छौं,' उनले थपे । प्यासिफिक ट्राभलले विज्ञप्ति जारी गर्दै पीडित परिवारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । 'हामी सधैं तिनीहरूको साथमा रहनेछौं । यस दुखद घटनाबाट उत्पन्न हुने हरेक आवश्यकतालाई पूरा गर्नेछौं ।'

### बचत तथा ऋण सहकारी संघ पाल्पाको २५ औं साधारण सभा

# सहकारी अध्यादेश सच्याउनुपर्नेमा अभियन्ताहरुको जोड

## नसच्याए आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी

रामचन्द्र रायमाझी

**पाल्पा,** पौष २७/सहकारी ऐन २०७४ लाई विस्थापित गर्न सरकारले अध्यादेशमार्फत ल्याएको सहकारी अध्यादेश-२०८१ प्रति जिल्लाका सहकारी अभियन्ताहरुले असहमति जनाउँदै सच्याउनुपर्नेमा जोड दिएका छन् । शनिबार जिल्ला बचत तथा ऋण सहकारी संघ पाल्पाको २५ औं वार्षिक साधारण सभामा बोल्ने अधिकांस सहकारी अभियन्ताहरुले सरकारले अध्यादेशमार्फत ल्याएको सहकारी अध्यादेश सहकारी क्षेत्रलाई सिध्याउने उद्देश्यका साथ ल्याइएको दावी गर्दै सरकारले त्यसलाई सच्याएर जानुपर्नेमा जोड दिएका हुन् ।

सहकारी अभियन्ता तथा जिल्ला सहकारी संघ लिमिटेड पाल्पाका अध्यक्ष भूपति पाण्डेयले सहकारी क्षेत्रको विकासलाई अवरुद्ध गर्ने गरी ल्याइएको अध्यादेशका बुँदाहरु प्रतिस्थापन विधेयकमार्फत सच्याउनुपर्ने बताए । उनले सरकारप्रति लक्षित गर्दै भने 'विगत लामो समयदेखि सहकारी अभियन्ताहरुले सहकारी क्षेत्रको प्रभावकारी नियमन व्यवस्था बनाई बचतकर्ताको बचत सुरक्षा हुने, नियमानुसार ऋण असुली हुने तथा सहकारीमार्फत देशमा विद्यमान आर्थिक



असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न योगदान गर्न सकिने वातावरण सिर्जना गर्न पटक-पटक अनुरोध गर्दै आयौं तर त्यसको विपरीत अध्यादेश आयो, के यही हो हामीले खोजेको ?, पक्कै हैन । अब यसलाई प्रतिस्थापन विधेयक मार्फत सच्याउनुपर्छ ।' विधेयक नसच्याए आन्दोलनमा जान बाध्य हुने भन्दै त्यसका लागि तयारी अवस्थामा रहन सहकारी प्रतिनिधिहरुलाई अध्यक्ष पाण्डेले आग्रह समेत गरे । प्रमुख अतिथि समेत रहेका उनले जिल्ला सहकारी संघ र बचत तथा ऋण सहकारी संघले अत्यादेश फिर्ता गाराउन केन्द्रसम्म दवाव दिएको समेत बताए । अध्यक्ष पाण्डेले संघ सदस्य सहकारीहरुलाई अफठ्यारो पर्दा अभिभावकको भूमिकामा रहेको भन्दै नीति, विधि र ब्यवस्थापनमा संघले काम गर्दै आएको उल्लेख गरे । उनले पछिल्लो समय ऋण असुलीमा केही समस्याहरु देखिएकाले फागुनमा ऋण असुली सम्बन्धी गोष्ठी सञ्चालन गरिने पनि बताए ।

कार्यक्रममा बचत तथा ऋण सहकारी संघ लुम्बिनी प्रदेशका सदस्य सागर देवकोटाले सरकारले ल्याएको सहकारी अध्यादेश सहकारी मर्मविपरी आएकाले तत्काल सच्याउनुपर्ने बताए । उनले प्रदेश समितिमार्फत पनि सरकारलाई दवाब दिने र सबै क्षेत्रबाट दवाब सिर्जना गर्न आवश्यक रहेको औंल्याए । लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष हरि रायमाझीले सहकारीको लागि आएको अध्यादेशले समग्र सहकारी क्षेत्रलाई नै थप समस्यामा पार्ने भएकाले सरकारले फिर्ता ल्याउनुपर्ने बताए । उनले उत्पादन र रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका खेल्दै आएका सहकारीहरुलाई सरकारले हालै ल्याएको सहकारी अध्यादेशले बन्द नै गराउने अवस्थामा पुऱ्याउने भएकाले त्यसतर्फ सबै सहकारी अभियन्ताहरुले सरकारलाई फिर्ता गराउन चौतर्फीक दवाब दिनुपर्नेमा जोड दिए । उनले देशको आर्थिक अवस्था दयनिय हुँदा हुँदै पनि स्थानीय सरकारले करको दायरा बढाउँदै गएकोप्रति पनि आपत्ति जनाए । संघका अध्यक्ष जगदीश भट्टराईले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै तीनै तहका सरकारले बनाएका र बन्दै गरेका ऐन, नियम अनुरुप संघ र सदस्य संस्थाहरुको माध्यमबाट प्रवर्द्धनात्मक कार्य गर्दै आएको बताए । उनले यो वर्ष रजत वर्ष भएकाले वर्ष भरी नै विभिन्न रचनात्मक कार्यक्रम गर्ने बताए । यही वर्ष सबै सहकारीहरुको वित्तिय विवरण सहित सूचना प्राप्त हुने गरी प्रोफाइल तयार गरी प्रकाशन कार्यलाई अगाडि बढाउने पनि अध्यक्ष भट्टराईले बताए । उनले सहकारीहरुमा समस्या आउन सक्ने केही संकेतहरु देखा परेकाले त्यसतर्फ सचेत बन्न सबै सहकारीहरुलाई आग्रह गरे । कार्यक्रममा संघका लेखा समिति सदस्य मदनलाल ब्रजाचार्यले लेखा प्रतिवेदन सार्वजनिक गर्दै संघका आर्थिक गतिविधहरु पारदर्शी भएकाले प्रतिवेदन तयार गर्दा कुनै पनि समस्या नरहेको बताए । संघका अध्यक्ष जगदीश भट्टराईको अध्यक्षता, उपाध्यक्ष तुल्सीराम भुसालको स्वागत, सचिव धनबहादुर रायमाझीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

**हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,**

- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिब्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# एनजेडीकर्मी पोखरेलसहित ८ पत्रकार पुरस्कृत

**पाल्पा,** पौष २७/प्रेस चौतारी नेपाल पाल्पा शाखाले वार्षिक रुपमा वितरण गर्दै आएको 'प्रेस चौतारी पत्रकारिता पुरस्कार'बाट नवजनचेतना राष्ट्रिय दैनिक र शितलपाटी डटकमका पाल्पा संवाददाता कृष्ण पोखरेललाई पुरस्कृत गरिएको छ ।

शाखाले तानसेनमा एक औपचारिक कार्यक्रमको आयोजना गरी पोखरेललाई 'प्रतिक्षा स्मृति पत्रकारिता पुरस्कार' बाट पुरस्कृत गरेको हो । प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारु, पुरस्कारदाता तुलबहादुर अधिकारी, प्रेस चौतारीका केन्द्रिय सचिव प्रदिप आचार्य र जिल्ला अध्यक्ष कृष्ण कार्की लगायतले उनलाई सम्मानपत्र र नगद रकमबाट सम्मान गरेका हुन् । पोखरेल विगत २ दशकदेखि पाल्पामा रहेर सक्रिय पत्रकारिता गर्दै आएका छन् । चौतारीले पोखरेलसहित अन्य ७ जना पत्रकारहरुलाई पनि पुरस्कृत गरेको छ । ओमबहादुर घर्तिमगरले स्थापना गरेको 'भद्रबहादुर स्मृति पत्रकारिता पुरस्कार' बाट नारायण न्यौपाने, रामबहादुर राउतले स्थापना गरेको 'तुलसा/तुल बहादुर स्मृति पत्रकारिता पुरस्कार' बाट



भुवन रायमाझी, द्धारिका प्रसाद नेपालले स्थापना गरेको 'सितादेवी स्मृति पर्यटन पत्रकारिता पुरस्कार' बाट विजय वौडेल, विष्णु बहादुर कार्कीले स्थापना गरेको 'गिता स्मृति पत्रकारिता पुरस्कार' बाट दयाराज न्यौपाने, राजेश कुमार अर्यालले स्थापना गरेको 'रेडियो पत्रकारिता पुरस्कार'बाट गुणवती के.सी, राजु प्रसाद श्रेष्ठले स्थापना गरेको 'शेष कुमारी/लोक कुमारी पत्रकारिता पुरस्कार' बाट खेमराज पाण्डे र विनोद श्रेष्ठले स्थापना गरेको 'पुतली देवी/रुपनारायण स्मृति पत्रकारिता पुरस्कार' बाट शोभाकान्त पाठक पुरस्कृत भएका छन् । प्रेस चौतारी पाल्पाले पत्रकारितामा निरन्तर सक्रिय रहेका पत्रकारहरुलाई बार्षिकरुपमा पुरस्कृत गर्दै आएको छ । यसैगरी चौतारीलाई संस्थागत रुपमा सहयोग गरेकोमा तानसेन नगरपालिकाका पूर्व नगर प्रमुख अशोक कुमार शाही, पुर्वखोला गाउँपालिकाका अध्यक्ष नुन बहादुर थापा र रम्भा गाउँपालिकाका अध्यक्ष विष्णु प्रसाद भण्डारीलाई सम्मान गरेको छ । यसैगरी पत्रकार महासंघमा निर्वाचित कमलराज तिमिल्सेनाको नेतृत्वमा निर्वाचित सबै पदाधिकारी, कार्यसमिति सदस्य र पाल्पाबाट प्रतिनिधित्व गर्ने प्रदेश सदस्यहरुलाई समेत सम्मान गरिएको छ । बधाई तथा सम्मान कार्यक्रममा लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले राम्रो काम र कर्म गरे सम्मान हुने अवसर सबैको आउने बताए । मन्त्री सारुले विचार आ-आफ्नो भए पनि समाचार निष्पक्ष, वस्तुनिष्ट, सन्तुलित हुनुपर्नेमा र गलतलाई, गलत हो भन्ने हिम्मत र शाहस पत्रकारमा हुनुपर्नेमा जोड दिए । प्रेस चौतारीका केन्द्रिय सचिव प्रदिप आचार्यले प्रेस चौतारी पाल्पा शाखा देशकै नमुना शाखा भएको र सबैलाई बाटो देखाउने काम गरेको बताए । कार्यक्रममा प्रदेश सासद राजु प्रसाद श्रेष्ठले अहिले मिस इनफरमेसन, डिस इनफरमेसन र फेक इनफरमेसनको कारण राजनीतिक दलदेखी पत्रकारहरु सम्मलाई चुनौतीको विषय बनेको बताए । बरिष्ठ पत्रकार मेघराज शर्माले सबैले इमान्दार भएर काम गर्नुपर्नेमा जोड दिए । जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले सबैपक्षले आत्म अनुशासनमा बसेर काम गरेमा देशले चाडै फड्को मार्ने बताए ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## गाडी भाडा बढाउने मात्र हैन सुरक्षामा पनि ध्यान देऊ

सरकारले सार्वजनिक यातायातका यात्रुवाहक तथा मालवाहक सवारी साधनको भाडादरमा व्यापक वृद्धि गरेको छ । यातायात व्यवस्था विभागले अन्तर प्रदेशमा सञ्चालन हुने सार्वजनिक यातायातका यात्रुवाहक तथा मालवाहक सवारी साधनको भाडादरमा वृद्धि गरेको हो । सरकारले भाडा दर बढाउनुको स्पष्ट कारण खुलाएको छैन् । भाडादर बढाउँदा न यातायात क्षेत्रमा कर बढेको छ न पेट्रोलियम पदार्थको मूल्य । बितेको लामोसमयदेखि पेट्रोलियम पदार्थको मूल्य करिबकरिब स्थिर नै छ । कहिले एक रुपैयाँ बढ्छ कहिले एक रुपैयाँ घट्छ । यसले यातायातका साधनमा त्यतिठूलो अन्तर पारेको देखिदैन । तर पनि सरकारले यात्रुवाहक सवारीसाधनमा साविकको भाडामा ३ दशमलव ३० प्रतिशत भाडा वृद्धि गरेको छ । यसले आम सर्वसाधारण नागरिक मर्कामा परेका छन् । नागरिकलाई एक ठाउँबाट अर्को ठाउँमा सहज रूपमा आवतजावतका लागि राज्यद्वारा यातायातका साधनमार्फत गरिने प्रभावकारी व्यवस्थापन प्रणाली नै सार्वजनिक यातायात हो ।

सार्वजनिक यातायातको सम्बन्ध देशको अर्थतन्त्र, समग्र विकास, शान्ति सुव्यवस्था र समृद्धिसँग अन्योन्याश्रित हुन्छ । सार्वजनिक यातायातको व्यवस्थापन राम्रो हुन सकेमा लगभग सबै क्षेत्रका पेसाकर्मी तथा व्यवसायीहरू आफ्नो कार्यचाप तथा व्यस्त दैनिकीबीच कार्यक्षेत्रमा खटिन सहज पहुँचको महसुस गर्छन् । नागरिकको दैनिकी, सुखदु:खको अवस्था र खुसीसँग सार्वजनिक यातायात सेवा प्रणालीको प्रभावकारिता प्रत्यक्ष रूपमा गाँसिन्छ । तर नेपालको हकमा त्यसो हुन सकेको छैन् । यो अत्यन्त दुखको कुरा हो । गाडी भाडा बढाउन सक्रियता देखाउने सरकार सवारी सुरक्षामा भने ध्यान दिएको पाइदैन । हरेक दुर्घटनामा नागरिकले अकालमै ज्यान गुमाउनु परेको छ । गन्तव्यसम्मको यात्राको सुनिश्चित हुन नसक्नु र अकालमा मृत्युवरण गर्नुपर्ने घटना आफैंमा दर्दनाक छन् । लापरवाही र हेलचेक्र्याइँपछि भएका दुर्घटनाबाट नागरिकले अनाहकमा ज्यान गुमाउनुपर्ने पीडादायी अवस्था अन्त्यका लागि राज्यले सही कदम चाल्न ढिलाइ गर्नु हुँदैन । राज्यका संयन्त्रहरूको सक्रियता, जिम्मेवारी र जवाफदेहिताले नै सम्भावित दुर्घटना जोगाउन सकिन्छ । कहाँ के कमजोरी भइरहेको छ, यथाशीघ्र पहिचान गरी सोको निराकरणका लागि इमानदार प्रयत्नको खाँचो छ । यसर्थ सार्वजनिक यातायातमा भाडा वृद्धि गर्न तदारुकता देखाउने सरकारले अब सवारी सुरक्षातर्फ पनि ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

खेर जाला घमण्ड तिम्रो, अहमता सम्हालेर राख्नु

(बिनिता खनालको फेसबुक स्टाटसबाट https://scontent.fbwa1-1.fna.fbcdn.net/

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# व्यवस्था बदलेपछि राजनीतिबाट हराएका युवा



आशिष रेग्मी

*हाल नेपालमा विश्वमै उत्कृष्ट मानिएको व्यवस्था छ, संघीय लोकतान्त्रिक गणतन्त्र । व्यवस्था परिवर्तनमा निर्णायक र उत्कृष्ट भूमिका खेल्न सक्ने युवाहरू अवस्था परिवर्तनका बेला किन किनारामा छन् त? व्यवस्था परिवर्तनका बेला युवाहरूलाई रणनीतिक ढंगले प्रयोग गर्न सक्ने राजनीतिक दलहरू अवस्था परिवर्तनका बेला युवाहरूलाई किन सही ढंगले उपयोग गर्न सकिरहेका छैनन् । यसका लागि युवाहरूका वर्तमान चाहना, प्रेरणा र आकांक्षालाई बुझ्न आवश्यक छ । नेपालका युवाहरूको समग्र चरित्र विश्लेषण गर्ने हो भने उनीहरू पारदर्शिता, जवाफदेहिता र सामाजिक न्यायजस्ता विषयहरूको चाहना राख्दछन् । उनीहरू जलवायु परिवर्तन, वातावरणीय स्थिरता, लैङ्गिक समानता, आर्थिक अवसरजस्ता विषयहरूमा प्लाटफर्म खोजिरहेका छन् । प्रमाणपत्र प्राप्त गर्नेभन्दा पनि विश्व बजारमा प्रतिस्पर्धी हुन सक्ने र रोजगारी सिर्जना गर्न सक्ने उद्यमशील शिक्षा आजका युवाको आवश्यकता हो । राजनीतिक क्षेत्रमा पनि आफ्ना आवाज सुनियोस्, आफ्नो प्रतिनिधित्व होस् र निर्णय प्रक्रियामा आफ्नो सहभागिता सुनिश्चित होस् भन्ने उनीहरूको चाहना पाइन्छ ।*

राजनीतिमा युवा सहभागिता अति नै महत्त्वपूर्ण विषय हो । विश्व इतिहास हेर्ने हो भने हरेकजसो राजनीतिक परिवर्तन युवाकै बलमा भएको देखिन्छ । अरब स्प्रिङका बेला होस् कि चिली विद्रोहमा, बंगलादेशको आन्दोलन होस् कि भारतको सबैमा युवा सहभागिताले नै परिवर्तन सम्भव बनाएको हो।नेपालकै सन्दर्भमा पनि लोकतन्त्र प्राप्तिका लागि कहिले जहानियाँ राणा शासनविरुद्ध त कहिले निर्दलीय पञ्चायतविरुद्ध, अनि कहिले निरंकुश प्रत्यक्ष वंशीय शासनविरुद्धको आन्दोलन युवाहरूकै बलमा सफल भएको हो । हाल नेपालमा विश्वमै उत्कृष्ट मानिएको व्यवस्था छ, संघीय लोकतान्त्रिक गणतन्त्र । व्यवस्था परिवर्तनमा निर्णायक र उत्कृष्ट भूमिका खेल्न सक्ने युवाहरू अवस्था परिवर्तनका बेला किन किनारामा छन् त? व्यवस्था परिवर्तनका बेला युवाहरूलाई रणनीतिक ढंगले प्रयोग गर्न सक्ने राजनीतिक दलहरू अवस्था परिवर्तनका बेला युवाहरूलाई किन सही ढंगले उपयोग गर्न सकिरहेका छैनन् ।

यसका लागि युवाहरूका वर्तमान चाहना, प्रेरणा र आकांक्षालाई बुझ्न आवश्यक छ । नेपालका युवाहरूको समग्र चरित्र विश्लेषण गर्ने हो भने उनीहरू पारदर्शिता, जवाफदेहिता र सामाजिक न्यायजस्ता विषयहरूको चाहना राख्दछन् । उनीहरू जलवायु परिवर्तन, वातावरणीय स्थिरता, लैङ्गिक समानता, आर्थिक अवसरजस्ता विषयहरूमा प्लाटफर्म खोजिरहेका छन् । प्रमाणपत्र प्राप्त गर्नेभन्दा पनि विश्व बजारमा प्रतिस्पर्धी हुन सक्ने र रोजगारी सिर्जना गर्न सक्ने उद्यमशील शिक्षा आजका युवाको आवश्यकता हो । राजनीतिक क्षेत्रमा पनि आफ्ना आवाज सुनियोस्, आफ्नो प्रतिनिधित्व होस् र निर्णय प्रक्रियामा आफ्नो सहभागिता सुनिश्चित होस् भन्ने उनीहरूको चाहना पाइन्छ । समाजमा व्याप्त निराशा, पपुलिजमको उदय, सामाजिक सञ्जालमा देखिने अराजकताजस्ता विषयले नयाँ पुस्तामा राजनीति पुऱ्याउनै नसकिएको भान हुन्छ । राजनीति भन्नेबित्तिकै हेयको दृष्टिले हेर्ने युवा पुस्ता निर्माण हुनुमा आआफ्नो भागको दोष त सबैले लिनुपर्छ नै । तर, यति भनिरहँदा नेपाली राजनीतिमा आवश्यक पुनर्जागरणमा ध्यान दिनुपर्ने विषयमा छलफल नगर्ने हो भने सकारात्मक निष्कर्ष निस्किँदैन । आजको युवाको आवश्यकता के हो र उनीहरूलाई राजनीतिमा कसरी सक्रिय बनाउन सकिन्छ त? लामो समयसम्म नेपाली शिक्षाको थलो भनेकै सरकारी र सामुदायिक स्कुल तथा कलेजहरू रहे। दलहरूले आआफ्ना विद्यार्थी संगठनमार्फत युवा विद्यार्थीमाझ राजनीति पुऱ्याउने काम गरे । तिनै समूहहरूबाट नेताको विकास हुँदै आयो र राजनीति पनि समाजमा पुग्दै गयो । तर, निजी शैक्षिक संस्थाहरूको उदयसँगै त्यो असम्भवप्राय: भएको छ। एउटा ठूलो युवा जमात राजनीतिबाट टाढिँदै गएको छ । निजामती कर्मचारीमाझ दलगत संगठन बनाउनुहुँदैन भन्ने विषयमा आज देशकै दुई ठूला दल सकारात्मक भएसँगै दलगत विद्यार्थी संगठनमाथि पनि प्रश्नहरू उठ्न थालेका छन् । युवा विद्यार्थीहरूले उठाउनुपर्ने मुद्दा र २१औं शताब्दीको युवा सक्रियताको विषयमा संवेदनशील भएर मात्र जिम्मेवार राजनीतिक दलहरूले अराजतकता, निराशा र लोकप्रियतावादमा आधारित अतिवादको राजनीति गर्नेहरूलाई परास्त गर्न सक्छन् । एक क्लिकको भरमा संसार देख्ने युवा पुस्ता छोटो समयमा आफ्नो व्यक्तिगत र व्यावसायिक विकास होस् भन्ने चाहना राख्दछ ।

**विद्यार्थी संगठनमा शिक्षा र विद्यार्थीकेन्द्रित मुद्दा :** विद्यार्थी आन्दोलनले शिक्षा र विद्यार्थीका मुद्दामा केन्द्रित हुनु आवश्यक छ । आजको विद्यार्थी संगठनहरूले समय सान्दर्भिक पाठ्यक्रम विकासका लागि पहल गर्नुपर्ने हो। शैक्षिक पर्यटन जस्ता विषयमा अध्ययन र अनुसन्धान गरेर कार्यान्वयनका लागि सरकारलाई दबाब दिनुपर्छ । शिक्षा र विद्यार्थीका धेरै मुद्दाहरू छन् जो वर्षौंदेखि विद्यार्थी संगठनका प्रमुख माग बन्न सकेका छैनन् र नयाँ मुद्दाहरू विकास हुँदैछन् । विद्यार्थीले पढ्न जाँदा पिउने पानीको व्यवस्था र सफा शौचालयको आवश्यकता पर्छ भन्ने मुद्दा आज पनि सान्दर्भिक छ भन्दा विद्यार्थी संगठनहरू त लजाउनु पर्ने हो । पाठ्यक्रम कस्तो हुने, अध्ययन अनुसन्धान, राष्ट्रिय अन्तराष्ट्रिय सम्मेलनहरूद्वारा सहकार्य गर्ने, जर्नलहरूमा लेख छाप्ने जस्ता विषयहरू विद्यार्थी आन्दोलनले बोक्न धेरै ढिलो भइसक्यो । विद्यार्थी संगठनहरू नेतृत्व विकास गर्ने थलो पनि हो। विद्यार्थी संगठनहरूले विभिन्न पक्षहरूसँग छलफल गरेर निर्णय गर्नुपर्ने हुन्छ । यसले लोकतान्त्रिक निर्णय गर्ने क्षमताको विकास गर्दछ । त्यस्तै विद्यार्थी संगठनहरूले आफू अध्ययन गर्ने संस्थाहरूमा विभिन्न क्लबहरू सञ्चालन गर्ने र कार्यक्रम गर्ने गर्नुपर्दछ । त्यसले समूहमा काम गर्ने क्षमताको विकास, नेतृत्व गर्ने क्षमताको विकास, तनाव व्यवस्थापनको विकास, कूटनीति क्षमताको विकास, जस्ता नेतृत्व विकासका विभिन्न आयामहरूको विकास हुने गर्दछ । यी आयामहरूले उनीहरूलाई भविष्यमा आफू जोडिएको क्षेत्रमा नेतृत्वदायी भूमिका लिन मद्दत गर्दछ । आजको विद्यार्थी राजनीति भने मूलधारको राजनीतिमा स्थापित हुन भऱ्याङका रूपमा मात्र प्रयोग हुँदै आएको छ, जुन पूर्ण रुपमा गलत भने होइन तर त्यतिमा मात्र सीमित रहँदा विद्यार्थी आन्दोलनको मर्मको देहावसान पो हुने हो कि यसकै कारण हो विद्यार्थी राजनीतिले युवाहरूलाई राजनीतिसँग जोडिराख्न सकिरहेको छैन । सही नेतृत्व विकासको कमीका कारण पपुलिजम जस्तो लोकतन्त्र विरोधी राजनीतिक दृष्टिकोणको बोलबाला हुँदै गइरहेको छ ।

**सीप विकास :** आजका युवा र विद्यार्थीको प्रमुख आवश्यकता भनेको सीप विकास हो। आवश्यक सीपको कमीका कारण बेरोजगारी सिर्जना भइरहेको विषयमा बोल्न हामी सबै जिब्रो चपाउँछौं । कुन कलेजमा परीक्षा केन्द्र पर्छ र पहुँचका आधारमा त्यहाँ मोबाइल चलाउन पाउने व्यवस्था गर्ने र सहज निरीक्षक राख्न पहल गर्ने विद्यार्थीहरूले लिखित परीक्षाभन्दा पनि सीप विकासका लागि आन्दोलन गरेको पाइएकै छैन । एउटा मास्टर्स गरेको विद्यार्थीले शुद्ध लेखन, रिपोर्ट र प्रतिवेदन बनाउन, अनुसन्धान गर्न जान्दैन भने उनीहरूले रोजगारी कसरी प्राप्त गर्न सक्छन्? यस्तो अवस्थाबाट देशले दक्ष जनशक्ति कसरी पाउँछ । युवा भनेर मात्र त हुँदैन । पुरानालाई विस्थापित गरेर आफू स्थापित हुने हो भने त सीप र क्षमता पनि त त्यही स्तरको बनाउनु पर्ने होला नि? आजको विश्वव्यापीकरणको युगमा उचित सीप विकासले देशभित्र र बाहिर सुनौलो अवसर सिर्जना गर्न सक्दछ । युवाहरूलाई पार्टी सदस्य नबनाई पनि यस्ता विषयमा काम गर्न सके स्वत: ती संगठनप्रति युवाको आकर्षण बढ्छ ।

**युवा विज्ञको विकास :** अब राजनीतिक दलहरूले रणनीतिक रुपमा युवा विज्ञहरूको विकास गर्दै जानुपर्छ । यो कुनै एक दलको मात्र आवश्यकता होइन या कुनै एक क्षेत्रको मात्र । युवाहरूलाई क्रमसँगै विज्ञताका विभिन्न क्षेत्रमा अनुभवी विज्ञहरूको निरीक्षणमा विकास गर्न सके राजनीतिक दलहरूको सरकार सञ्चालन र सदनमा हुने कार्य सन्तोषजनक हुन सक्छ । ब्युरोक्रेसी र राजनीति फरक हुन् तर एक अर्काका सम्पूरक हुन् । विज्ञताका सन्दर्भमा राजनीतिक नेतृत्व जब सम्पूर्ण रुपमा ब्युरोक्रेसीमा भर पर्छन् तब सिर्जनात्मक परिवर्तन सम्भव हुँदैन । यस्तो अवस्थामा कर्मचारीतन्त्र राजनीतिक नेतृत्वलाई र राजनीतिक नेतृत्व क्रमचारीतन्त्रलाई आरोप लगाउनमा मात्र सीमित हुन्छन् ।

राजनीतिक दलहरूले यस्तो केन्द्रको विकास गर्नु आवश्यक छ जहाँ राज्य सञ्चालनका विभिन्न विधाहरूमा अनुसन्धान र प्रशिक्षण होस् । युवाहरूमा राजनीतिक चेतनासँगै निश्चित क्षेत्रको ज्ञान पनि विकास गर्न आवश्यक छ । यसो गर्नाले ती युवाहरूले समयसँगै आफ्नो करिअरलाई अगाडि बढाउन सक्छन् र उनीहरूका लागि विश्वबजारको अवसर खुला हुन थाल्छ। राजनीतिक दलहरूले पनि आवश्यकताका आधारमा आफ्नो विचारसँग मिल्दो अर्ग्यानिक विज्ञ प्राप्त गर्छन् । नेताले भिजन दिने हो । उसलाई सबै कुरा थाहा हुन्छ या हुनुपर्छ भन्ने हुँदैन । उसले लिने निर्णयहरू तथ्यमा आधारित हुनका लागि विज्ञहरूको आवश्यकता हुन्छ । सदनमा सांसदहरूको कार्यसम्पादन प्रभावकारी हुन पनि सम्बन्धित विज्ञहरूको सहयोग अत्यावश्यक हुन्छ । यस्ता युवा विज्ञहरूको विकासमा जोड दिनु नै आजको २१ औं शताब्दीको राजनीतिको आवश्यकता हो । 'लर्न एन्ड अर्न'को अवधारणाबाट राजनीतिमा युवा सक्रियता बढाउन सक्नु नै सोसाइटी ५.० मा राजनीतिक फड्को मार्ने रणनीति हुन सक्छ । *-नेपाल खबर*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्य प्रारम्भ गर्ने समय रहेको छ । अध्ययनमा प्रगति हुनेछ। | **तुला** : धर्मकर्ममा रुचि बढ्नेछ। वादविवादबाट टाढा रहने प्रयास गर्नुहोला। |
| **वृष** : समाजमा मानसम्मान बढ्नेछ। स्वास्थ्य अनुकूल रहनेछ। | **वृश्चिक** : महत्वकांक्षी समस्याहरू सुल्झीनेछ । आयस्रोत सबल रहनेछ। |
| **मिथुन** : नयाँ अवसरहरू मिल्नेछन्। विश्वासपात्रबाट धोखा मिल्न सक्ला। | **धनु** : छवि कायम राख्ने प्रयास गर्नुहोला। कार्यक्षेत्रमा शत्रुहरू हावी हुनेछन्। |
| **कर्कट** : दिन उत्तम रहनेछ । पायक स्थानमा भ्रमणका योग छन् । | **मकर** : ठूलो परिवर्तन गर्न सक्नुहुनेछ। पुरानो कुरालाई लिएर मुक्ति मिल्नेछ। |
| **सिंह** : साथ सहयोगले कार्य बन्नेछ। पारिवारिक जमघटले मन प्रसन्न रहनेछ। | **कुम्भ** : आफन्तसँग भेटघाटमा समय व्यतीत हुनेछ । कार्यबाट शुभ सूचना मिल्नेछ। |
| **कन्या** : भाग्यको साथ मिल्नेछ। अध्ययनमा विदेशतिर जाने अवसर खुलाउनेछ। | **मीन** : कार्यक्षेत्रमा विवादको सम्भावना रहेको छ। साझेदारी व्यापारमा लाभ पाइनेछ। |

## कृषि

# वैदेशिक रोजगारी त्यागेर जुनारखेती



रामेछाप नगरपालिकाका केही युवा वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ लागेका छन् । जुनारखेतीबाट प्रशस्त र दोहोर आम्दानी हुने भएपछि यहाँका युवा वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ आकर्षित भएका हुन् । जुनार बगैँचाभित्र तोरी भटमासलगायत कोसेबाली र अन्य तरकारीबाली उत्पादन गरी आम्दानी लिन सकिने तथा जुनारबाट पनि आम्दानी लिन सकिने भएकाले यसतर्फ आकर्षित भएको रामेछाप-६ ओखेनीका जुनार कृषक हिमाल तामाङले बताए ।

लामो समय खाडी मुलुकमा बसेर काम गरेको भन्दै लेखपढ नभएका र सीप नभएका आफू जस्तालाई त्यहाँ सजिलो काम पाउन मुस्किल हुने उनले अनुभव सुनाए । बर्सेनि बिरुवा थप्दै र उत्पादन वृद्धि गराउँदै जाने हो भने यही विदेशको जति कमाउन सकिने उनले दाबी गरे । आफू भारतको गुजरातमा २५ वर्ष बसेर काम गरेको अनुभव सुनाउँदै त्यहाँको आम्दानी चित्त नबुझेर स्वदेशमा केही गर्ने अठोटका साथ फर्किएर जुनारखेती सुरु गरेको तामाङले बताए ।

यसअघि आफू वैदेशिक रोजगारीका क्रममा चार वर्ष मलेसिया बसेर धेरै दुःख गर्दा पनि सन्तोषजनक आम्दानी नभएकाले स्वदेशमा फर्केर जुनारखेती गर्न थालेको रामेछाप-७ सुकाजोरका अर्का कृषक रामकुमार कार्कीले बताए । रामेछाप नगरपालिकामा हिमाल तामाङ, टेकबहादुर तामाङ, प्रेमबहादुर तामाङ, रामकुमार कार्की लगायत दजनौं कृषक वैदेशिक रोजगारीबाट सन्तुष्ट नभएर जुनारखेती गर्ने गरेकाछाप नगरपालिकाका वरिष्ठ कृषि शाखा प्रमुख कृष्णबहादुर भुजेलले राससलाई जानकारी दिए । उनका अनुसार अरुको तुलनामा उनहरूको बगैंचा र जुनारका दाना राम्रा छन् ।

गत वर्ष जिल्लामा पाँच सय २० हेक्टर क्षेत्रफलमा सुन्तला जातका फलफूल खेती गरिएको बताउँदै यस वर्ष पाँच सय ४० हेक्टर क्षेत्रफलमा जुनार उत्पादन भइरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रामेछापकी भवानी बस्नेतले जनाए । उनले जिल्लाका विभिन्न पालिकामा वैदेशिक रोजगारीबाट फर्केर जुनार र सुन्तलाखेती गर्नेको सङ्ख्या बढ्दै गएको उल्लेख गरे । बजारको समस्या नभएकाले यसको व्यवसाय सहज बनेको भन्दै बस्नेतले प्रशस्त उत्पादन, बजारीकरणको समस्या नहुनु, मुनाफा बढीलगायत कारणले युवाको जुनारखेतीप्रति आकर्षण बढेको दाबी गरे ।

दैनिक रूपमा विदेशिने हजारौँको सुसङख्याका युवालाई यस्ता कृषिकर्ममा विभिन्न अनुदान दिएर सँघ तथा प्रदेश सरकारले लगाउनसके वैदेशिक रोजगारीमा जानेको सङ्ख्या घट्ने मन्थली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवर्षी सापकोटाले बताए ।-रासस

# चितवनमा तोरीखेती बढ्यो



भरतपुर महानगरपालिका र माडी नगरपालिकामा गत वर्षको तुलनामा यस वर्ष तोरीखेती हुने क्षेत्रफल बढेको छ ।

जिल्ला कृषि विकास कार्यालय चितवनका योजना अधिकृत निर्मल पौडेलका अनुसार गत वर्षको तुलनामा यस वर्ष तोरीखेती हुने क्षेत्रफल सातदेखि आठ प्रतिशत बढेको हो । गत आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा १३ हजार छ सय ४२ हेक्टर क्षेत्रफलमा तोरीखेती गरिएको थियो । क्षेत्रफल बढेसँगै उत्पादन पनि बढ्ने अनुमान गरिएको उनको भनाइ छ । गत आवमा यहाँ १७ हजार छ सय ८९ मेट्रिकटन तोरी उत्पादन भएको थियो ।

छोटो अवधिमा उत्पादन लिन सकिने नगदेबाली भएको र निकुञ्ज नजिक रहेका ठाउँमा जङ्गली जनावरले अन्य बालीमा भन्दा तोरीमा कम क्षति पुऱ्याउने भएकाले यसतर्फ किसानहरूको आकर्षण बढेको हुनसक्ने उनले बताए ।

तोरीखेती प्रवर्द्धनका लागि स्थानीय, प्रदेश र सँघ सरकारले विभिन्न कार्यक्रमहरु सञ्चालन गरेकाले तोरीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको पौडेलको भनाइ छ । पूर्वी चितवनमा खैरहनी, कालिका र रत्ननगर नगरपालिका, पश्चिमी चितवनमा शिवनगर, पार्वतीपुर, शुक्रनगर, मेघौलीलगायत क्षेत्र र माडी नगरपालिकाका विभिन्न क्षेत्रमा तोरीखेती गरिँदै आइएको छ । -रासस

# उखु किसानले पाए भुक्तानी



मुलुकका विभिन्न जिल्लामा उखु किसानले भुक्तानी नपाएका खबर आइरहँदा महोत्तरीको गौशाला-१ स्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजले भने नियमित तालिकामा भुक्तानी दिइरहेको छ । यसपाली जारी क्रसिङ सिजनमा पुस तेस्रो साताभित्रै उद्योगले पाँच पटक गरेर किसानलाई रु ४५ करोड ६४ लाख ६१ हजार भुक्तानी गरिसकेको जनाएको छ । गत मङ्सिर २६ गते उखु क्रसिङ (उखु पेल्न) थालेको उद्योगले त्यसयता शनिबारसम्म आठ लाख ४५ हजार ७० क्वीन्टल उखुको भुक्तानी दिइएको उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाले जानकारी दिए ।यस सिजनमा उद्योगले ३५ लाख क्वीन्टल उखु क्रसिङको लक्ष्य लिएको छ । यो गत वर्षभन्दा छ लाख क्वीन्टल बढी हो ।यसपटक सरकारले पनि उखु क्रसिङ अगावै मूल्य निर्धारण गरेपछि भुक्तानीमा सहज भएको शुक्लाको भनाइ छ । सरकारले उखुको मूल्य प्रतिक्वीन्टल रु पाँच सय ८५ निर्धारण गरेको छ । यो गत वर्षभन्दा रु २० बढी हो । उद्योगले दिने उखुको मूल्यबाहेक किसानलाई सरकारले प्रतिक्वीन्टल ७० रुपैयाँ अनुदान दिने जनाइएको छ । उद्योगले समयमै भुक्तानी दिए पनि किसानले राहत महसुस गरेका छन् । चार वर्ष पहिलेसम्म भुक्तानीका लागि वर्ष दिनसम्म भौतारिनुपर्ने अवस्था अन्त्य हुनु निकै सकारात्मक भएको उखु उत्पादक किसान सै महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा बताउँछन् । 'उद्योगले भुक्तानी सहज बनाएको छ तर मूल्यमा किसान ठगिएका छन् र उत्पादक किसानले यसपटक गत वर्षको मूल्यमा १५ प्रतिशत थपको माग गरेका थिए तर सरकारले प्रतिक्वीन्टल रु २० मात्र थपेको छ, हामी अझै यसबारे सरकारले पुनःविचार गरिदेओस् भन्नेमा छौं', उनले भने । भुक्तानी सहज बनेपछि यहाँ उखुखेती गर्ने क्षेत्रफल पनि बढ्दै गएको छ । १५ वर्ष पहिले जिल्लामा १५ हजार बिघा पुगेको खेती भुक्तानी झमेलाले घट्दै गएर आव २०७७/७८ मा पाँच हजार बिघामा झरेको थियो । यद्यपि भुक्तानी क्रमशः सहज बन्दै जाँदा खेती बढ्दै गएर यसपालि नौ हजार बिघा पुगेको जनाइएको छ ।-हाम्राकुरा डटकम

# 'सुक्खा हिउँद र सन्निकट संकट'



**सामान्यत:** हिउँदमा पानी पर्नु नियमित चक्र नै हो तर पछिल्ला केही वर्षयता त्यो चक्रमा खलबलिएको छ । खासगरी यसरी पर्ने आकाशेपानी तोरी, गहुँ, मकै, तरकारी बालीका लागि लाभदायक मानिन्छ । जानकारहरू यस पटक पनि हिउँदमा लामो समयसम्म आकाशेपानी नपर्दा तराई तथा पहाडमा लगाइएका हिउँदे बालीका लागि प्रतिकूल अवस्था रहेको बताउँछन् । हिमाली क्षेत्रमा भने यस अवधिमा दुई पटकसम्म हिमपात हुँदा केही राहत भएको छ । यसले हिमाली क्षेत्रमा उत्पादन हुने आलुखेतीका लागि फाइदा पुगेको बालीविद्ले बताएका छन् । जल तथा मौसम विज्ञान विभागले पनि यसपटक पनि औसतभन्दा कम पानी पर्ने आकलन गरेको छ । विभागका महानिर्देशक कमलराम जोशीले यस वर्षको हिउँदमा औसतभन्दा कम पानी पर्ने आकलन गरिएको बताए ।

'विभागले यही मङ्सिर १५ देखि आउँदो १६ फागुनसम्मको हावापानी आकलन गर्दै देशभर औसतभन्दा कम पानी पर्ने प्रक्षेपण गरेका छ', उनले भने, 'अहिले नै हिउँदमा पानी परेन, हिउँदे खडेरी भयो भन्न चाहिँ मिल्दैन तर आजसम्मको अवस्था हेर्दा निकै कम पानी परेको छ ।'प्रशान्त महासागरमा लानिना विकसित हुने क्रममा रहँदा र प्रिमनसुनको शुरुआती अवधिसम्म लानिना रहँदा यस वर्षको हिंदमा कम पानी पर्ने बताउन्छन्, विभागकी प्रवक्ता विभूति पोखरेल । हिउँदको जनवरी-फेब्रुअरीमा अझ सुक्खा बढ्नसक्ने विभागले आकलन गरेको उनले बताए । विभागका अनुसार हिउँदयाममा कोशी प्रदेशको दक्षिणी भूभाग र मधेश प्रदेशको पूर्वी भूभागमा अझ बढी सुक्खाको सम्भावना रहेको छ ।

यसैगरी विभागले एक महिनाअघि सार्वजनिक गरेको हावापानी आकलनअनुसार सुदूरपश्चिम र कर्णालीको दक्षिणी, लुम्बिनीका अधिकांश क्षेत्रमा सरदरभन्दा कम पानी पर्नेछ । गण्डकीको पूर्वी तथा दक्षिणी, बागमती, मधेसको पश्चिमी र कोशीको पश्चिमी भूभागमा पनि सरदरभन्दा कम पानी पर्ने विभागको आकलन छ । आउँदो १६ फागुनसम्मको अवधिमा अर्थात् हिउँदयाममा खडेरी पर्ने सम्भवना देखिएको छ । विभागका अनुसार हिउँदमा ६० दशमलव एक मिलिमिटर वर्षालाई औसत मानिन्छ । गएको वर्ष पनि सरदरभन्दा कम वर्षा भएको विभागको तथ्याङ्कमा उल्लेख छ । गएको वर्ष हिउँदमा सरदरको १९ दशमलव आठ मिलिमिटर र ०७९ सालको हिउँदमा १२ दशमलव नौ मिलिमिटर मात्र पानी परेको विभागको तथ्याङ्कमा उल्लेख छ ।

**सुक्खा बढ्दा उत्पादनमा ह्रास आउने खतरा :**

बालीविद् डा.डिल्लीराम शर्माले हिउँद शुरू भएयता आकाशेपानी पर्न नसकेकाले पहाड र तराई क्षेत्रमा लगाइएको गहुँ, तोरी तथा अन्य हिउँदे बालीलाई असर गरेको बताए । 'यसपटक विशेषगरी पहाड र तराईमा हिउँदे बालीका लागि मौसम प्रतिकूल रह्यो तर हिमाली क्षेत्रमा भने हिउँ परेकाले मौसम अनुकूल नै छ', उनले भने, 'तसर्थ विशेषगरी यो वर्ष तोरी र गहुँ जस्ता हिउँदे बाली उत्पादनमा कमी आउन सक्छ तर हिमालमा आलु उत्पादन भने बढ्न सक्छ ।'जल तथा मौसम विज्ञान विभागले कम पानी पर्ने आकलनपछि कृषि मन्त्रालयले उत्पादनमा ह्रास आउँछ भने त्यसअनुसार पूर्वतयारी भने हुन नसकेको जलवायु तथा विपद् व्यवस्थापनविद् डा.धर्मराज उप्रेतीको भनाइ छ । 'जल तथा मौसम विज्ञान विभागले कम पानी पर्ने प्रक्षेपण गरेको छ । कृषि मन्त्रालयले पनि हिउँदे बालीको उत्पादन घट्नसक्नो भनेको छ तर त्यसअनुसार पूर्वतयारी भने गरिएको देखिँदैन । पूर्वानुमानअनुसारको तयारी नगर्दा व्यवस्थापन गर्न नसकिने गरी सङ्कट आउनसक्छ । तसर्थ पूर्वतयारीमा जुट्न आवश्यक छ', उनीं भन्छन् । डा.उप्रेती हिउँदमा पानी नपरे नेपालको कृषि प्रणाली, जलवायु चक्र र अर्थ प्रणालीमा प्रत्यक्ष तथा गहिरो असर पर्ने भन्दै असर न्यूनीकरणका लागि आवश्यक नीति तय गर्न आग्रह गरे । 'हिउँदमा लगातार सुक्खा र खडेरी परिरहँदा यसको असर समग्र खाद्य चक्र र मूल्यवृद्धिमा पर्छ । त्यसले खाद्य सङ्कट निम्तन सक्छ र अर्थतन्त्रमा समस्या सिर्जना हुनसक्छ', उनले भने, 'कृषिमा आश्रित किसान हिउँदे जलवायुमा आएको परिवर्तनले सबैभन्दा मारमा पर्नेछन् । यसले भोकमरी, गरिबी र अनियन्त्रित बसाइँसराइलाई थप बढाउन योगदान गर्छ । त्यसैले समयमै योजनाबद्ध ढङ्गले अगाडि बढौं ।

**जलवायु अनुकूलन आवश्यक :**

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखाका उपसचिव नरेश शर्माले जलवायु परिवर्तनको असरका कारण हिउँदे वर्षा कम भएको भन्दै कृषिक्षेत्रमा यसले प्रभावबाट अनुकूलनका क्रियाकलाप प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने बताए ।

यसका लागि मन्त्रालय र सम्बद्ध सरोकारवालाले जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धनका लागि जोड दिनुपर्ने उनको भनाइ छ । 'हामीले हिउँदे वर्षालाई पनि अब जलवायु परिवर्तनसँग जोडेर हेर्ने र सोहीअनुसार अनुकूलनका क्रियाकलाप अगाडि बढाउन आवश्यक छ । जलवायु अनुकूलनको विषयमा कृषकमा चेतना बढाउने र जलवायुमैत्री कृषिलाई प्राथमिकता दिनुपर्ने अवस्था सिर्जना भइसकेको छ', उनले भने । जलवायु परिवर्तनका नकारात्मक प्रभावबाट बच्न वा जलवायुका असरसँग जुध्ने वा अनुकूलित हुने प्रक्रिया, उपाय र रणनीतिलाई जलवायु अनुकूलन भन्ने गरिन्छ । जलवायु परिवर्तनका कारण उत्पन्न हुने अत्यधिक गर्मी, सुक्खा, बाढी, चिसो, अनावृष्टि, अतिवृष्टि र अल्पवृष्टिलगायत चुनौतीलाई ध्यानमा राखेर अनुकूलनका कार्यक्रम लागू गरिन्छ । केही वर्षयता जलवायु परिवर्तनले मौसमी पात्रोमा फेरबदल आएसँगै सोहीअनुसार अनुकूलनका गतिविधिमा बढावा दिनुपर्ने आवश्यकता देख्नुहुन्छ, विपद् व्यवस्थापनविद् उप्रेती भन्छन् 'जलवायु परिवर्तनका असरका कारण हिउँदे वर्षा हराउँदै गएको छ । पहिला जुन ठाउँमा जुन रूपमा हिउँ पर्थ्यो अहिले त्यहाँ पनि समस्या देखिन थालेको छ । हिउँ पर्ने रेखामाथि सरेको छ । यी असरबाट बच्न अनुकूलनका नीतिको प्रभावकारी कार्यान्वयन आवश्यक छ',**जलवायुमैत्री कृषि प्रणाली अपनाउन आवश्यक :**

मौसममा हुने अनियमितताले नेपालमा कहिले धान उत्पादन त कहिले हिउँदे बाली उत्पादनमा ह्रास आउँदै गएको छ । अनियमित मौसमी परिवर्तनका कारण नेपालको कृषि क्षेत्रले ठूलो असर भोगिरहेको विज्ञहरूको भनाइ छ । जलवायुविद् राजु पण्डित क्षेत्री जलवायु परिवर्तनका कारण वर्षामा अनियमितता हुने हुँदा यस्ता घटनाहरू अझै बढ्दै जाने बताउन्छन् । 'जलवायुजन्य सङ्कट बढ्दो छ, तसर्थ सुक्खा बढ्ने, हिउँदे खडेरीजस्ता जलवायुजन्य विपद् बढ्दै जानसक्छन्', उनले भने, 'जलवायुमैत्री कृषि प्रणालीलाई अपनाउन नसक्ने हो भने धेरै मानिस कृषि पेसाबाट विस्थापित हुन सक्छन् ।

तसर्थ कम पानीमा पनि उत्पादन हुने र सुक्खा सहन सक्ने बालीबारे अध्ययन र प्रयोग हुन जरूरी छ । अनुकूलनसम्बन्धी क्षमता अभिवृद्धि र सिँचाइ सुविधाको वैकल्पिक व्यवस्था गर्न पनि त्यत्तिकै आवश्यक छ । बालीविद् शर्माले अझै पनि नेपालमा आकाशेपानीकै भरमा ७० प्रतिशत सिँचाइ हुने गरेकाले यसले उत्पादन वृद्धिमा असर गरेको बताए । 'अहिले मुलुकको ३० प्रतिशत भूभागमा मात्र कुलो, नहर, डिप ट्युबवेल, बोरिङ, थोपा सिँचाइलगायत सुविधा पुगेको छ । बाँकी क्षेत्रमा त आकाशेपानीकै भरमा खेती गरिन्छ', उहाँले भन्नुभयो, 'यस्तो अवस्थामा पानी परे राम्रो उत्पादन हुने र नआए ह्रास देखियो । तसर्थ यस विषयमा सरकार गम्भीर हुनुपर्‍यो । जलस्रोत तथा सिँचाइ विभागको तथ्याङ्क अनुसार करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइको संरचना निर्माण गरिएको छ । त्यसमध्ये करिब एक तिहाइ भूमिमा मात्र वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुन सकेको विभागद्वारा २०८० चैतमा प्रकाशित जलस्रोत तथा सिँचाइ वार्षिक पुस्तिकामा उल्लेख छ ।

**'हाल ठूला बहुउद्देश्यीय अन्तर-जलाधार जल**-पथान्तरणका केही आयोजना निर्माणका क्रममा र केही निर्माणको तयारीका क्रममा रहेका छन् । करिब ५० प्रतिशत सिञ्चित कृषिक्षेत्र किसानद्वारा व्यवस्थित सिँचाइ प्रणालीमा रहेका छन, पुस्तकमा उल्लेख छ, 'निर्माण सम्पन्न भइसकेका साना आयोजना जलउपभोक्तालाई हस्तान्तरण गर्ने नीतिबमोजिम हस्तान्तरण गरिसकिएका छन् र सम्बद्ध संस्थाबाट सञ्चालन भइरहेका छन् ।' मझौला तथा ठूला सिँचाइ आयोजना भने सरकार तथा जलउपभोक्ता संस्थाहरूको संयुक्त व्यवस्थापनको अवधारणाअनुरूप सञ्चालनमा रहेका छन् । जलवायु परिवर्तनका कारण मानव स्वास्थ्य, पारिस्थितिक प्रणाली, परम्परागत कृषि प्रणाली, प्राकृति चक्र, मौसमी स्वभावमा आमूल परिवर्तन भइसकेको छ । यो क्रम आगामी दिनमा थप गहिरिँदै जानेमा विज्ञ एकमत छन् । नेपालजस्तो कमजोर भौगर्भिक अवस्थामा रहेको देशमा त्यसको असर थप बढी पर्नेमा पनि धेरैको चिन्ता छ । यसर्थ यी सबै पक्षलाई मध्यनजर गरी सिँचाइलगायत क्षेत्रमा स्थायी र दीर्घकालीन उपायहरूको खोजी र तयारी गर्न आवश्यक छ ।

-अनलाईन खबर डटकम

# बराङ्दीमा श्रीमद्भागवत महापुराण हुने

कृष्ण पोखरेल

**पाल्पा,** पौष २७/जिल्लाको बगनासकाली गाउँपालिका-८ बराङ्दीस्थित घिउसिबासमा यही माघ १ गतेदेखि ९ गतेसम्म श्रीमद्भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ तथा धार्मिक महोत्सव २०८१ हुने भएको छ । सिद्धबाबा मन्दिर तथा वातावरण संस्कृति संरक्षण समितिको आयोजनामा मन्दिरमा नागको विराट मूर्ति एवं सत्संग हल निर्माण तथा मन्दिरको चौतर्फी विकास सहयोगार्थ महायज्ञ तथा धार्मिक महोत्सव हुन लागेको हो ।

मन्दिर परिसरमा शनिबार पत्रकार सम्मेलन गरी महोत्सवको बारेमा जानकारी गराईएका छ । बगनासकाली गाउँपालिकाको उत्तरी क्षेत्रलाई धार्मिक पर्यटकीय तीर्थस्थल बनाउने उद्देश्य सहित सिद्धबाबा मन्दिर परिसरमा सत्संग हल निर्माण र मन्दिरको चौतर्फी विकास गर्नुको साथै मन्दिर परिसरमै भव्य नागको विराट मूर्ति निर्माण गर्ने उद्देश्यका साथ धार्मिक महोत्सव गर्न लागिएको मूल आयोजक समितिका संयोजक गणेश प्रसाद बस्यालले जानकारी दिए । मन्दिरमा तीन सय वर्ष अगाडिदेखि नै पूजाआजा हुँदै आएको र यस क्षेत्रमा निरन्तर नागदेवता, विष्णु, भगवती लगायतका देवी देवताहरूको वासस्थान भएकाले भक्तजनको सेवा सुविधादेखी मन्दिरमा आवश्यक पूर्वाधार निर्माण गर्नको लागि महायज्ञ गर्न लागिएको मन्दिर संरक्षण समितिका अध्यक्ष मोहन अर्यालले बताए । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष एवं महायज्ञ प्रचार-प्रसार संयोजक कमलराज तिमिल्सेनाले महायज्ञलाई सफल बनाउने जिम्मेवारी मिडियाहाउस तथा पत्रकारहरुको रहेकाले सूचना तथा सञ्चारका विषयमा आवश्यक सहयोग र सहकार्य गरेर जानुपर्नेमा जोड दिए । महायज्ञमा महिला बाचिका विदुषी गरिमा उपाध्याय भक्त किंकरीले श्रीमद भागवत बाचन सहित देवलिला, जनचेतनामुलक



नाटक, संगीतमय भजन कृर्तन कार्यक्रम रहेको छ । महायज्ञमा बिहान ७ बजेदेखि ९ बजेसम्म श्रीमद भागवत महापुराण, वेद, चण्डी पाठ, रुद्राभिषेक, सहस्र जलधारा, बेलपत्र अर्पण, ग्रह शान्ति पुजा, चौरासी पूजा, अन्नदान, भूमिदान, ब्राह्मण भोजन, सहित पित्रीको फोटो राखी अर्पण लगायतका कार्यक्रम गरिनेछ । महोत्सवमा पुग्ने भक्तजनले अर्पण गरेको रु.५ सय सम्म दानपत्रमा राखिनेछ । ५ सयदेखि माथि १ हजार ५ सय रुपैयाँको नगदी रसिद काटिनेछ । १ हजार ५ सय देखि ३ हजारसम्म दान गर्ने भक्तजनको लागि फूलमालासहित मञ्चबाट नाम घोषणा गरि सम्मान गरिने छ । यसैगरी ३ हजारदेखि ५ हजारसम्म दान गर्ने भक्तजनलाई ढाकाको खादा ओढाएर सम्मान गरिने छ । ५ हजारदेखि १० हजारसम्म दान गर्नेलाई रामनामी ओढाएर सम्मान गर्ने, १० हजार देखि २० हजारसम्म दान गर्ने भक्तजनलाई गोल्डेन फ्रेममा सम्मानपत्र सहित रुद्राक्षको माला प्रदान गरी सम्मान , २० हजारदेखि ३५ हजारसम्म दान गर्ने दानवीरलाई सम्मान सहित एक जना व्यक्तिको नाम शिलालेखमा राखिने र ३५ हजारदेखि ५० हजारसम्म दान गर्ने भक्तजनलाई भिआइपी गोल्डेन फ्रेममा सम्मानपत्र सहित दम्पतिको नाम शिलालेखमा राखिने मन्दिरका सल्लाहकार एवं जनप्रतिनिधी कृष्ण प्रसाद भुसालले बताए । यसैगरी ५१ हजारदेखि ७५ हजारसम्म दान गर्ने दानवीरलाई ड्रागन फ्रेममा गोल्डेन सम्मानपत्र सहित दम्पति मातापिताको नाम शिलालेखमा राखिनेछ । ७५ हजार देखि १ लाख सम्म दान गर्ने दानवीरलाई भिआइपीमा गोल्डेन सम्मान पत्र सहित तीन पुस्ताको शिलालेख राखिनेछ । १ लाखदेखि १ लाख ५० हजारसम्म दान गर्ने भक्तजनलाई स्वस्तिक वाचन बाजागाजासहित सम्पूर्ण परिवारलाई सत्तलमा दानवीरको फोटो फ्रेममा राखिनेछ । एक लाख ५० हजारदेखि दुई लाख सम्म दान गर्ने भक्तजनलाई समितिले निर्णय गरी आजीवन सदस्यता प्रदान गरी तीन पुस्ताको नाम ताम्रपत्रमा राख्ने, २ लाखभन्दामाथि सहयोग गर्ने दानवीरलाई समितिले निर्णय गरी मानार्थ आजीवन सदस्यता पन्चेबाजा सहित नगर परिक्रमा साथै एकल पुस्ताको नाम ताम्रपत्रमा राखिने कार्यक्रम रहेको मन्दिर व्यबस्थापन समितिले जनाएको छ । यसैगरी मन्दिर व्यवस्थापन समितिले महायज्ञमा रुद्रीको लागि ५ हजार १ सय,व्रतबन्धको लागि रु. १०, हजार, लक्ष्यबत्तीको लागि रु १० हजार चौरासी पूजा तथा तुलादानको लागि रु २५ हजार, महा आरती व्यक्तिगतको लागि २ हजा ५ सय तोकेको छ । यसैगरी महायज्ञमा महा आरती संस्थागत रुपमा ४ हजार ५ सय, दैनिक कर्ता हुन चाहेमा ५ हजार १ सय रुपैयाँ दैनिक प्रसादको व्यवस्थापन गर्न चाहेमा ५ हजार १ सय रुपैया, ब्राह्मण भोजन गराउन चाहेमा १० हजार र दैनिक भण्डारा लगाउन चाहेमा २० हजार १ सय रुपैया तोकेको छ । पत्रकार सम्मेलन महायज्ञ मुल आयोजक समितिका संयोजक गणेश बस्यालको अध्यक्षता र पत्रकार दयाराज न्यौपानेको सञ्चालनमा भएको थियो ।

# पाल्पामा पनि मनाइयो ३०३ औं पृथ्वी जयन्ती

भरत शर्मा

**पाल्पा,** पौष २७/पाल्पा लगायत देशभर ३०३ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । पृथ्वीनारायण शाहको योगदानलाई कदर गर्दै शनिबार पाल्पा लगायतका देशभर उनको शालिकमा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गरी मनाईएको हो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी पाल्पाको आयोजनामा तानसेनमा एक कार्यक्रम गरी पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाइएको छ । कार्यक्रममा पृथ्वीनारायण शाहको योगदानको स्मरण गर्दै शालिकमा माल्यार्पणसँगै पुष्पगुच्छा अर्पण गरिएको थियो । कार्यक्रममा जिल्लाका राजनीतिक दल, नागरिक समाज, पत्रकार, स्थानीय व्यक्ति, जनप्रतिनिधीहरुको सहभागीता रहेको थियो । कार्यक्रममा राप्रपा केन्द्रिय कार्यसम्पादन समितिका सदस्य नारायण कोइरालाले मुलुक एकिकरण गर्न र देश विकासको चिन्तन गर्नमा दुई जना



व्यक्ति सधै इतिहासमा रहिरहने बताए । उनले पृथ्वीनारायण शाह र विपी कोइरालाको योगदानको चर्चा गर्दै यी दुई व्यक्तिलाई इतिहासमा सधै सम्झिने उल्लेख गरे । कोइरालाल पृथ्वीनारायणले टुक्रे राज्यहरुलाई एकिकरण गरी नेपाल निर्माण गरेकाले आज हामी सबै नेपाली भएर बाच्ने अवसर प्राप्त भएको बताए । राप्रपा जिल्ला अध्यक्ष डुल बहादुर कुवँरले पृथ्वी नारायण शाहको दिप्यदेश अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताए । उनले शाहको योगदानलाई राजनीतिसँग मात्र जोडेर हेर्न नहुने उल्लेख गरे । कुंवरले राष्ट्र निर्माणमा शाहको योगदान राजनीतिक व्यवस्था भन्दा धेरै माथि रहेको पनि बताए ।

**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## मेला महोत्सव सञ्चालन सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२८**

तानसेन नगरपालिकाको आन्तरिक आय तथा (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ को दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. ६ मा पर्ने टुडिखेल मैदानको निर्धारित क्षेत्र भित्र मेला महोत्सव सञ्चालन गर्न चाहाने गैर नाफामूलक संघ-संस्था/फर्म/कम्पनीको लागि ३० दिनको म्याद राखि यो वोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । योग्य, ईच्छुक संघ-संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पूर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध छ ।

१. बोलपत्र खरिद गर्न चाहाने फर्म/संघ-संस्थाहरुले यस कार्यालयको नाममा रा.वा.बैंक पाल्पा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३०३०१००३०१०१०००४मा तोकिएको रकम जम्मा गरी नेपाल सरकारको सार्वजनिक खरिद अनूगमन कार्यालयको **website: www.bolpatra.gov.np** बाट बोलपत्र फाराम **download** गर्नुपर्ने छ ।

२. **बोलपत्र download गर्ने मिति :** सूचना प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र ।

३. **सिलबन्दी बोलपत्र दाखिला गर्ने मिति :** आ.व. २०८१/०८२ सम्मका लागि नविकरण भएको संघ-संस्था/फर्म/कम्पनी दर्ता नवीकरण प्रमाण पत्र, स्थायी लेखा नम्बर/मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी सूचना प्रकाशन भएको ३१ औं दिनको १२ बजे सम्म ।

४. **बोलपत्र खोल्ने समय :** सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको/बोलपत्र दाखिला हुने दिनको २ बजे बोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ ।

६. बोलपत्र स्वीकृत भएमा सम्झौता हुनु अगावै ठेक/कबोल अंकको ५० % रकम अग्रीम बुझाउनु पर्नेछ र बाँकी ५० % रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको कम्तिमा ९० दिनको म्याद भएको बैंक जमानी पत्र (बैंक ग्यारेण्टी) पेश गर्नुपर्ने छ । कबोल अंक रकम अग्रिम एकमूष्ट बुझाउन बाधा पर्ने छैन ।

७. कबोल अंक रकम अग्रिम एकमूष्ट बुझाएमा न्युनतम् अंकमा नघट्ने गरी कबोल अंकको ५ % छुट दिन सकिने छ ।

८. बोलपत्र स्वीकृत भई सम्झौतामा हस्ताक्षर भए पश्चात् चलन चल्ती गर्ने जिम्मा बोलपत्रदाताको हुने छ ।

९. ठेक्का सम्झौता भई भोगचलन गरेपछि कूनै किसिमको मिनाहा छुट दिईने छैन ।

१०. ठेक्का अवधि कार्यदिश पाएको मिति देखि मेला/महोत्सव सञ्चालनको अवधि सम्मको लागि मात्र हुने छ ।

११. ठेक्का स्वीकृत भएको बोलपत्रदाताले ठेक्का सम्झौता अगावै पेश गर्नुपर्ने रकम, बैंक ग्यारेण्टी वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोस्रो, तेस्रो क्रममा बोलपत्रदातालाई ठेक्का सम्झौता गराइने छ ।

१२. बोलपत्र दाखिला गर्दा कबोल गरेको अंकको ५ % ले हुन आउने रकम वापत रा.वा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ ग-१-१ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ ।

१३. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | न्यूनतम् ठेक अंक मू.अ. कर समेत | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/०४/०८१/८२ | टूडीखेल मैदानमा मेला/महोत्सव सञ्चालन तथा व्यवस्थापन | ६१,००,०००।०० | ३०००। | बोलपत्र |

**तानसेन नगरकार्यपालिकाको कार्यालय**

# एनजेडीकर्मी पोखरेलसहित...

...कार्यक्रममा नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका जिल्ला अध्यक्ष ओमबहादुर घर्तीमगर, नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक राजेन्द्र वि.क.,राष्ट्रिय स्वतन्त्र पार्टीका दिलिप घिमिरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुलबहादुर कुवँर, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, लुम्बिनी सञ्चार समन्वय परिषद्का अध्यक्ष यम गाहा मिलन, तानसेन नगरपालिकाका पूर्व प्रमुख अशोक कुमार शाही, प्रेस चौतारी इन्चार्ज राजेश कुमार अर्याल, पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, प्रेस युनियनका केन्द्रिय उपाध्यक्ष माधव अर्याल लगायतले पुरस्कृत र सम्मानितहरुलाई बधाई दिदै सबैले आ-आफ्नो जिम्मेवारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । चौतारी पाल्पाका अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, पुरस्कार छनोट समितिका संयोजक एव निवर्तमान अध्यक्ष राजेन्द्र लिगलको स्वागत, सचिव नारायण न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।




हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई